# स्थानीय- राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ५९ मितिः २०७८/०७/३०

भाग-२

## सडकको दायाँ-बायाँ वृक्षारोपण कार्यक्रम कार्यविधि,२०७८

## भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन ।

बागमती प्रदेश, नेपाल

नगर प्रमुख,

# भरतपुर महानगरपालिका सडकको दायाँ-बायाँ वृक्षारोपण कार्यक्रम सम्बन्धि कार्यविधि, २०७८

कार्यपालिकामा पेश मितिः २०७८/०७/३०

पारित मितिः २०७८/०७/३०

**प्रस्तावना**

भरतपुर महानगरपालिकाको आ. व.२०७८।७९ को नीति तथा कार्यक्रमको बुँदा नं २४२ अनुसार महानगरपालिका सडकको दायाँ-बायाँ दुवैतिर हरियाली कायम गर्न बिरुवा रोपेर स्थानीय समुदायलाई संरक्षणको जिम्मेवारी प्रदान गरिने तथा आफ्नो क्षेत्र टोलमा हरियाली प्रवर्द्धनमा उल्लेख्य कार्य गर्ने समुदायलाई पुरस्कृत गर्ने नीति लिए बमोजिम भरतपुर महानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाइएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ**१. भरतपुर महानगरपालिका भित्रका सडकको दायाँ-बायाँ वृक्षारोपण कार्यक्रम सम्बन्धि कार्यविधि,२०७८ रहेको छ ।

यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणिकरण भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा**

क.कार्यालयभन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख.टोल विकास संस्थाभन्नाले टोलको संरक्षण,विकासका लागि गठन भई भरतपुर महानगरपालिकामा दर्ता भएको संस्था सम्झनु पर्दछ।

ग.महानगरपालिकाभन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्छ ।

घ.वडाभन्नाले भरतपुर महानगरपालिका भित्रका वडा सम्झनु पर्छ।

ङ.सडक भन्नाले भरतपुर महानगरपालिका भित्र रहेका,सडकको अधिकार क्षेत्रको ( Right of Way ) को सुनिश्चिता हुनुको साथैवृक्षारोपणकालागि पर्याप्त स्थान रहेका पक्की सडक सम्झनु पर्छ

च.समिति भन्नाले सडक वृक्षारोपण समिति सम्झनु पर्छ ।

छ.संयोजक भन्नाले विपद तथा वातावरण व्यवस्थापन समितिको संयोजक सम्झनु पर्छ।

नगर प्रमुख

## ३. वृक्षारोपण कार्यक्रमका लागि सडक वृक्षारोपण समिति

वृक्षारोपण कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन देहाय बमोजिमको सडक वृक्षारोपण समिति रहने छ ।

| | |
|---|---|
| क. विपद तथा वातावरण व्यवस्थापन समितिको संयोजक | संयोजक |
| ख. कार्यक्रम सञ्चालन रहेको वडाका वडा अध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ वातावरण विपद तथा पूर्वाधार महाशाखा प्रमुख | सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| च. कानून शाखा प्रमुख | सदस्य |
| छ. वातावरण तथा हरियाली प्रवर्द्धन शाखाबाट कार्यालय प्रमुखबाट तोकिएको व्यक्ति | सदस्य सचिव |

३.१ समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३.२ समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ ।

३.३ समितिको बैठकमा आवश्यकताअनुसार विज्ञ वा अन्य सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

**४. सडक वृक्षारोपण समितिका काम कर्तव्य र अधिकार**: सडक वृक्षारोपण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

क. सडक/ डिभाइडरमा वृक्षारोपणका लागि बिरुवाहरूको छनौट गरी सिफारिस गर्ने।

ख. वृक्षारोपण लागि सडक छनौटका लागि, समितिले मापदण्ड बनाइ सडकहरुको प्राथमिकीकरण गर्ने।

ग. वडा तथा टोल विकास संस्थासँग समन्वय गर्ने।

नगर प्रमुख

घ. आफ्नो क्षेत्र टोलमा हरियाली प्रवर्द्धनमा उल्लेख्य कार्य गर्ने समुदायलाई पुरस्कृत गर्न सिफारिस गर्ने ।

ङ. प्रमाण पत्रको खाका तयार गर्ने।

च. वृक्षारोपण कार्यक्रम सम्पन्न भएको स्थलको निरन्तर स्थलगत अनुगमन गरी संरक्षणको जिम्मेवारी प्राप्त पक्षलाई सुझावहरू दिने।

**५.वडा तथा महानगरपालिकाको सडक वृक्षारोपणको कार्यक्षेत्र** : सडक वृक्षारोपणका लागि महानगरपालिकाको कार्यक्षेत्र भित्र **रणनैतिक सडकहरु** जसको बाटोको क्षेत्राधिकार ( Right of Way) न्यूनतम ३० मिटर, **क वर्गका** सडक खण्ड जसको बाटोको क्षेत्राधिकार ( Right of Way ) न्यूनतम २४ मिटर, **ख वर्गका** सडकहरू जसको बाटोको क्षेत्राधिकार ( Right of Way ) न्यूनतम १६ मिटर हुने सडकहरु पर्ने छन् भने **ग वर्गका** सडकहरू जसको बाटोको क्षेत्राधिकार ( Right of Way ) न्यूनतम ९ मिटर, **घ वर्गका** सडकहरू जसको बाटोको क्षेत्राधिकार (Right of Way) न्यूनतम ६ मिटर रहेको छ, सम्बन्धित वडा / वडाहरुको कार्यक्षेत्र भित्र पर्नेछन् ।

**६. विरुवाको प्रजाति छनौटको मानक:** सडक किनारा वृक्षारोपण गर्दा सडक सुरक्षा, सौन्दर्यपना र स्वच्छताको मानकलाई आत्मसाथ गरिनेछ ।

**सुरक्षा**: उपयुक्त प्रजाति छनौट गर्दा हाँगा भाँचिने डर नहुने, तेस्रो भन्दा ठाडो वृद्धि रहने, समान प्रकारका, धेरै जरा भन्दा एक मूल जरा हुने, कडा प्रजातिको बुट्यान वा रूख प्रजातिलाई प्राथमिकता दिइनेछ।

**सौन्दर्यपना**: सुन्दरताको पक्षवाट वहुवर्षीय र सदावहार विरुवाहरुलाई प्राथमिकता दिइनेछ ।

**स्वच्छता**: धुलो, धुँवा प्रतिरोधक क्षमता वढी भएको अर्थात घना हाँगा र चहकिलो पात भएको छिटो हुर्कने विरुवा प्रजातिलाई प्राथमिकता दिइनेछ ।

**७. कार्यक्रम सञ्चालन:** महानगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रहि भरतपुर महानगरपालिकाको सडक दुवैतिर/डिभाइडरमा वृक्षारोपण कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ:

७.१ वडा तह

क. वडाको कार्यक्षेत्र भित्र रहने सडकको दायाँ बायाँ वृक्षारोपण गर्न वा गराउने दायित्व सम्बन्धित वडाको हुनेछ ।

नगर प्रमुख

ख. वृक्षारोपण कार्यका लागि सम्वन्धित वडाका वडा अध्यक्षको संयोजकत्वमा सडक वृक्षारोपण समिति गठन गर्नु पर्नेछ ।

ग. समितिले वृक्षारोपणका लागि सडक छनौट गर्दा मापदण्ड बनाउनु पर्नेछ र सडकहरुलाई वृक्षारोपणका लागि प्राथमिकीकरण गरी कार्यक्रम संचालन गर्नु पर्नेछ ।

७.२ महानगरपालिका

क. महानगरपालिकाको कार्यक्षेत्र भित्र पर्ने सडकहरुमा वृक्षारोपण गर्ने वा गराउने दायित्व महानगरपालिकाको हुनेछ ।

ख. सडक प्राथमिकताक्रम अनुसार कार्यक्रम सञ्चालन गरीनेछ।

ग. वृक्षारोपणका लागि सार्वजनिक सूचना मार्फत लागत अनुमान सहित प्रश्ताव माग गरिनेछ।

घ. उपभोक्ता समिति/टोल विकास संस्थाहरुले सम्वन्धित वडा/वडाहरुको सिफारिस सहित प्रश्ताव यस महानगरपालिकामा पेश गर्नु पर्नेछ। सम्वन्धित उपभोक्ता समिति/टोल विकास संस्थाहरुको न्यूनतम दश प्रतिशत लागत सहभागिता हुनेछ।

ङ. सडक वृक्षारोपण समितिले प्राप्त प्रश्तावहरुको स्थलगत अनुगमन गरी वृक्षारोपणका लागि उपयुक्त ठहर गरी सिफारिस गर्ने छ ।सिफारिस भएका प्रश्ताव/प्रश्तावहरु स्विकृतिका लागि कार्यालयमा पेश गरिनेछ र सो प्रश्तावहरु स्विकृत भए पश्चात उपभोक्ता समिति/ टोल विकास संस्था तथा महानगरपालिकाबीच सम्झौता सम्पन्न हुनेछ।

च. उपभोक्ता समिति/टोल विकास संस्थाले कार्यसम्पन्न गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन तथा कार्यक्रमसँग सम्वन्धित सम्पुर्ण कागजातहरु सम्वन्धित वडाको सिफारिसमा महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

छ. सडक वृक्षारोपण समिति तथा अन्य सरोकारवालाहरुको उपस्थितिमा कार्य सम्पन्न प्रतिवेदनको आधारमा सम्पन्न कार्यको स्थलगत अनुगमन, निरिक्षण गरी भुक्तानिका लागि सिफारिस गरिनेछ।

ज. वृक्षारोपण पश्चात विरुवाहरुको रेखदेख, जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति/टोल विकास संस्था वा सम्झौता वमोजिम हुनेछ।

झ. वृक्षारोपण कार्यका लागि अन्य सरकारी निकाय, अर्ध सरकारी निकाय, नीजि कम्पनी तथा संघ संस्थाहरु सँग सहकार्य गरी गर्न सकिनेछ ।

नगर प्रमुख

ञ. कुनै व्यक्ति, संघ, संस्था, प्राईभेट कम्पनिले आफ्नै खर्चमा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्नका निम्ति यस महानगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

ट. भरतपुर महानगरवासिहरुले वृक्षारोपण कार्यक्रममा वृक्षारोपणका लागि आवश्यका सामाग्री र/वा श्रमदान प्रदान गर्न सक्नेछन् ।

ठ. वृक्षारोपणसँग सम्वन्धित अन्य कामकाजहरु प्रचलित नियम कानून अनुसार गर्न वा गराउन सकिनेछ।

७.३ यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका भित्र रहेकका जुनसुकै सडकहरुमा महानगरपालिकाले वृक्षारोपण कार्यक्रम संञ्चालन गर्न बाधा पुग्ने छैन ।

**८. लागत अनुमान स्वीकृत गरी खर्च गर्ने:** समितिको बैठक सञ्चालन खर्च, अनुगमन तथा मुल्यांकन खर्च, प्रतिवेदन खर्च, प्रमाणपत्र छपाई तथा वितरण, संचार तथा समन्वय खर्च आदि जस्ता विषयमा कार्यक्रमको बजेटबाट खर्च हुने गरी स्वीकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ ।

**९. कार्यक्रमको अवधि:** यस कार्यक्रमको अवधि सम्झौता बमोजिम एक आर्थिक वर्ष भित्रको हुनेछ ।

**१०. प्रमाण पत्र दिने:** वृक्षारोपण कार्य सम्पन्न भए पश्चात कार्यक्रम सञ्चालन भएका सडक खण्डको स्थलगत अनुगमन गरी उत्कृष्ट संरक्षण र संवर्धनको कार्य गर्ने उपभोक्ता समिति/ टोल विकास संस्थाहरुलाई तोकिएको ढाँचामा प्रमाणपत्र प्रदान गर्न सकिने छ ।प्रमाण पत्रको ढाँचा समितिले तोके बमोजिम हुनेछ।

नगर प्रमुख